राजपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गंगदी, दाङ

मितिः २०८२/०३/०२ गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/०३/०३ गते

प्रस्तावहरुः

१. राजपुर गाउँपालिकाको आर्थिक विधेयक २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।

२. आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

३. गाउँसभा आह्वान गर्ने सम्बन्धमा।

४. जलवायुमैत्री कृषि योजना २०८२-२०८७ स्वीकृत गर्ने सम्बन्धमा ।

५. बिदा स्वीकृत सम्बन्धमा ।

६. छात्रवृत्तिको लागि सूचना आह्वान सम्बन्धमा ।

७. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. आ.व. २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि राजपुर गाउँपालिकाको आर्थिक विधेयक २०८२ स्वीकृत गर्नु पर्ने ।

२. राजपुर गाउँपालिकाको समावेशी, दिगो र योजनावद्ध विकासलाई सुनिश्चित गर्न आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्नु पर्ने ।

३. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुतीका लागि दोश्रो गाउँसभाको सातौं अधिवेशन मिति २०८२ साल असार ९ गते बिहान ११:०० बजे आह्वान गर्नु पर्ने ।

४. राजपुर गाउँपालिकामा कृषि क्षेत्रको दिगोपनालाई सुनिश्चित गर्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC) को प्राविधिक सहयोगमा निर्माण गरिएको जलवायु मैत्री कृषि योजना २०८२-२०८७ स्वीकृत गर्नु पर्ने ।

५. यस गाउँपालिकामा कार्यरत कविराज निरिक्षक श्री सुशमा गिरीले मिति २०८२/२/२६ गते वैदेशिक अध्ययनमा रहेका श्रीमानलाई अध्ययन सहयोगका लागि जानुपर्ने भएकोहुँदा संचित घर बिदा १८० दिन र बिरामी बिदा १३२ दिनबाट कट्टी हुने गरी २०८२ साउन १ गतेदेखि २०८३ असार मसान्तसम्म १ वर्ष बिदा स्वीकृतिका लागि निवेदन पेस गरेको सम्बन्धमा पेश भएको प्रस्ताव बमोजिम निजलाई १ वर्षको लागि बिदा स्वीकृत गर्नु पर्ने ।

६. उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरण निर्देशिका, २०८१ बमोजिम उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति उपलब्ध गराउन दफा ६ बमोजिम छात्रवृत्तिका लागि आवेदन आह्वान गर्न दफा ३ (ग) मा गाउँ शिक्षा समितिले छात्रवृत्तिका लागि उपयुक्त देखेको विषयमा कम्तिमा ७ दिनको समय दिई सुचना आह्वान गर्ने वाक्याशं झिकि सोको सट्टा छात्रवृत्ति छनौट सिफारिस समितिले ७ दिने सुचना आह्वान गर्ने वाक्याशं राखे गरी संशोधन गर्नु पर्ने।

७. अन्य निर्णयहरु

निर्णयहरु:

१. आ.ब. २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि राजपुर गाउँपालिकाको आर्थिक विधेयक २०८२ थप छलफल गरी निर्णयका लागि आगामी बैठकमा पेश पर्ने।


२. राजपुर गाउँपालिकाको समावेशी, दिगो र योजनाबद्ध विकासलाई सुनिश्चित गर्न आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत पर्ने।

३. आ.ब. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुतका लागि दोश्रो गाउँसभाको सातौं अधिवेशन मिति २०८२ साल असार ९ गते विहान ११ बजे आह्वान गर्ने ।

४. राजपुर गाउँपालिकामा कृषि क्षेत्रको दिगोपनालाई सुनिश्चित गर्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC) को प्राविधिक सहयोगमा निर्माण गरिएको जलबायु मैत्री कृषि योजना २०८२-२०८७ स्वीकृत गर्ने ।

५. यस गाउँपालिकामा कार्यरत कविराज निरिक्षक श्री सुशुमा गिरीले मिति २०८२/२/२६ गते बैदेशिक अध्ययनमा रहेका श्रीमानलाई अध्ययन सहयोगका लागि जानुपर्ने भएकोहुँदा संचित घर विदा १८० दिन र बिरामी बिदा १३२ दिनबाट कट्टी हुने गरी २०८२ साउन १ गतेदेखि २०८३ असार मसान्तसम्म १ वर्ष बिदा स्वीकृतिका लागि निवेदन पेस गरेको सम्बन्धमा पेश भएको प्रस्ताव बमोजिम निजलाई १ वर्षको लागि बिदा स्वीकृत गर्ने ।

६. उच्च शिक्षा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरण निर्देशिका, २०८१ बमोजिम उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति उपलब्ध गराउन दफा ६ बमोजिम छात्रबृत्तिका लागि आवेदन आह्वान गर्न दफा ३ (ग) मा गाउँ शिक्षा समितिले छात्रबृत्तिका लागि उपयुक्त देखेको विषयमा कम्तिमा ७ दिनको समय दिई सुचना आह्वान गर्ने वाक्याशं झिकि सोको सट्टा छात्रवृत्ति छनौट सिफारिस समितिले ७ दिने सुचना आह्वान गर्ने वाक्याशं राखे गरी संशोधन गर्ने।



CamScanner

७. विविध

क. निवेदक दाङ जिल्ला राजपुर गाउँपालिका नं. २ मा बस्ने वर्ष ७२ को अवधराम यादवले राजपुर गाउँपालिका २ नं. वडा कार्यालय र ऐ. वडाका वडा ओमप्रकाश यादव समेत विरुद्ध श्री जिल्ला अदालत, दाङमा दायर भएको मुद्दा नं. ०८१-CP-१५५७ को लिखत अमान्य बदर घोषित गर्ने सम्बन्धी मुद्दामा माथी उल्लेखित प्रतिबादीको तर्फबाट श्री जिल्ला अदालत, दाङमा लिखित जवाफ पेश गर्ने देखि मुद्दाको सम्पूर्ण पूर्पक्ष लगायतको कार्य गर्नको लागि शरद रेग्मीलाई प्रतिनिधि तोक्ने।

ख. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सघन शहरी सहरी तथा भवन निर्माण आयोजना घोराही दाङको सुरक्षित नागरिक आवास समन्वय समितिबाट छनौट भएका लाभग्राहीहरुको प्राविधिक मूल्याङ्कन र वडा कार्यालयको सिफारिस बमोजिम गाउँपालिकाबाट बिनियोजित बजेटबाट भुक्तानी दिने ।

ग. यस गाउँपालिकाको वडा नं. ७ स्थित सामुदायिक स्वास्थ्य इकाई डगमारा नाकामा सुरक्षा पर्खाल तथा प्रसुति भवन निर्माणलागि छायाँ नेपाल काठमाण्डौं, निर्माण उपभोक्ता समिति र यस कार्यालय विच दुई पटक भएको त्रिपक्षिय सम्झौता बमोजिम हाल निर्माण कार्य सम्पन्न भै हस्तान्तरण समेत भैसकेकोले उक्त कार्यको पहिलो सम्झौता बमोजिम निर्माण भएको कार्यको प्राविधिक मूल्याङ्कन रु ३१,१८,९२२/- को २० प्रतिशतले हुने रकम रु. ६,२३,७८४/- र दोश्रो सम्झौता बमोजिम निर्माण भएको कार्यको प्राविधिक मूल्याङ्कन रु. ५,८२,०७०/- को ३० प्रतिशतले हुने रकम रु १,७४,६२१/- समेत जम्मा रु ७,९८,४०५/- (सात लाख अन्ठानब्बे हजार चार सय पाँच मात्र) चालु आ.व. २०८१/०८२ मा कार्यान्वयन हुनेगरी गाउँसभाबाट स्वीकृत सम्झौता बमोजिमको म्याचिङ फण्ड (विद्यालय भवन समेत) कार्यक्रमबाट निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

घ. राजपुर गाउँपालिकाको युवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०८२, कृषि तथा पशुजन्य उपजको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि २०८२ र दुध र खसी बोका तथा बाख्रा उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम संचालन कार्यविधि २०८२ निर्माणका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।